मा. उमाकान्त चौधरी
मन्त्री
खानेपानी मन्त्रालय
Hon. Umakant Chaudhary
Minister
Ministry of Water Supply

नेपाल सरकार
Government of Nepal

सिंहदरबार, काठमाडौं, नेपाल
Singha Durbar, Kathmandu, Nepal

मिति: २०७८-०६-२९
Date:

प.सं.:
च.नं.:

# विश्व हात धुने दिवसको अवसरमा माननीय मन्त्री श्री उमाकान्त चौधरीज्यूले दिनुभएको शुभकामना सन्देश

## शुभकामना सन्देश

**"हाम्रो भबिष्य हाम्रै हातमा छ- हामी सबै एकसाथ अगाडी बढौ"** भन्ने नाराका साथ आज 'विश्व हात धुने दिवस' (१५अक्टोबर) विश्वभर मनाइदै छ । यस अवसरमा म स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा स्वच्छ र स्वस्थ जीवनका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

नेपालमा सन् २००८को १५अक्टोबरदेखि विश्व हात धुने दिवस मनाउँदै आइरहेका छौं । खानेपानी तथा सरसफाइमा पहुँचको हक तथा स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको संवैधानिक व्यवस्था भएको तथा सरसफाइ गुरूयोजना, पूर्ण सरसफाइ मार्गदर्शन, स्वास्थ्य र शिक्षासम्बन्धी नीतिगत व्यवस्थाहरु, खानेपानी र सरसफाइसम्बन्धी नीतिगत व्यवस्थाहरुले सरसफाइ र स्वच्छतामा सबै नागरिकको पहुँच पुर्याउने कार्यलाइ नेपाल सरकारले प्राथमिकता दिदै आएको छ । त्यसको प्रभावकारी कार्यान्वयनका लागि पनि सशक्त भूमिका खेल्दै आएको छ ।

साबुनपानीले २० सेकेन्डसम्म मिचिमिची हात धुँदा श्वासप्रश्वासजन्य एवं निमोनिया सङ्क्रमण तथा झाडापखालाजन्य रोगमा कमी ल्याउन सकिने र इबोला, हेपाटाइटिस, कोरोना भाइरसजस्ता जीवाणुहरूद्वारा लाग्ने रोगबाट पनि बच्न सकिने तथ्य अध्ययनहरूले देखाएका छन् । हामीले जोखिमपूर्ण अवस्थाहरू जस्तै चर्पी प्रयोग गरेपछि, बालबालिकाको दिसा धोएपछि, हात फोहोर भएपछि, खाना बनाउनु, खाना खानु र खुवाउनु अगाडि, अनुहार, नाक, मुख, आँखा छोइसकेपछि, बाहिरबाट घर फर्किएपछि साबुनपानीले नियमित हात धुने बानीको विकास गर्नु अपरिहार्य भएको छ ।

हाल विश्वव्यापी स्वास्थ्य चूनौतीका रूपमा रहेको कोरोना भाइरसलाई निस्क्रिय बनाई यसको सङ्क्रमणमा कमी ल्याउने तीन महत्वपूर्ण औजारमध्ये हातको स्वच्छता पनि एक हो ।नेपालले हालसम्म कोभिड-१९ को विस्तार र सङ्क्रमण रोक्न हातको स्वच्छता हुनुपर्दछ भन्ने सन्देश तथा हातधुने स्थान वा स्यानीटाइजरको ब्यबस्था धेरै नागरिकसम्म पुर्याइ सकेको हुनाले त्यसमा सहयोग गर्ने सबै सरोकारवालाहरुको प्रयासले हामीले कोरोनाको जोखिम कम गर्न सकेका हौं भन्ने कुरामा हामी सबै सहमत हुन जरुरी छ ।

खानेपानी मन्त्रालयको अगुवाइमा विभिन्न सरोकारवालाहरुसँग परामर्श गरी **सबैको लागि हातको स्वच्छता राष्ट्रिय मार्गचित्र (Hand Hygiene for All Roadmap, २०२१-२०३०)**निर्माण गर्ने कार्य अन्तिम चरणमा पुगेको र निकट भबिष्यमा सार्बजनिकरण गर्ने कार्यक्रम रहेकालेतीनै तहका सरकारहरु र बिकास साझेदारहरु बीचसमन्वयात्मक कार्य गरीघर, विद्यालय, स्वास्थ्य केन्द्र, कार्यालय, उद्योग, सार्वजनिक स्थल आदिमा साबुनपानीले हात धुने सुविधा, सो सम्बन्धी नौला र सिर्जनशील उपाय एवं प्रविधिको विकास र विस्तारमार्फत हातको स्वच्छता सम्बन्धी व्यवहारको विकास गरी सबै नागरिकको जीवनलाई स्वच्छ, स्वस्थ र मर्यादित बनाउन सम्बद्ध सबैमा हार्दिक आव्हान गर्दछु । साथै यस अभियानलाइ सफल बनाउन संघ, प्रदेश र स्थानीय तीनै तहका सरसकारलाइ समन्वयात्मक र प्रभावकारी भूमिका समेत खेल्न सादर अनुरोध समेत गर्दछु ।

उमाकान्त चौधरी

मा. उमाकान्त चौधरी
मन्त्री

मा. उमाकान्त चौधरी
मन्त्री

२०७८ असोज २९ गते शुक्रबार ।

फोन नं.: ०१-४२११५६५, फ्याक्स : ०१-४२००५९७